# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः १६, मितिः २०८१/०१/२४

## भाग - २

### लेकम गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/१२/०७

गाउँसभाबाट अनुमोदित मितिः २०८०/१२/०८

लेकम गाउँपालिका

# लेकम गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८०

**प्रस्तावनाः** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र विक्रीवितरणको प्रबन्ध गर्न लेकम गाउँकार्यपालिकाको बैठकले पारित गरेको मितिबाट यो राजपत्र स्वीकृत गरी लागू गरिनेछ।

## भाग - १
## प्रारम्भिक

**(१)** **कार्यविधिको नामः** यस कार्यविधिको नाम लेकम गाउँपालिकाको राजपत्र, २०८० रहेको छ।

(२) **कार्यविधि लागू हुनेः** यो कार्यविधि लेकम गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

## भाग - २
## स्थानीय राजपत्रको भाग र ढाँचा

**(३)** **स्थानीय राजपत्रको भागहरूः** लेकम गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची - १ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ ।

**(४)** **स्थानीय राजपत्रको ढाँचाः** लेकम गाउँपालिकाको राजपत्रको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(५) **खण्डको व्यवस्थाः** लेकम गाउँपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०८० साललाई १, २०८१ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

**(६)** **स्थानीय राजपत्रको संख्याः** (१) लेकम गाउँपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो वर्षभरि पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को वर्ष सुरु भएपछि नयाँ संख्याबाट सुरु गरिनेछ।

**(७)** **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** स्थानीय राजपत्र प्रकाशन गर्दा विषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग- १ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री

(ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको त्यस्तै राखी प्रकाशन गरिनेछ ।

(८) <u>स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी:</u> लेकम गाउँपालिकाको राजपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले" भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग - ३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

(९) <u>स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी:</u> (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्यविवरणसहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र राजपत्र प्रकाशन गरिनेछ ।

**(१०)** <u>प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने:</u> (१) प्रकाशन हुने सामग्री गाउँ कार्यपालिकाको कानूनसम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ बमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा-एकाइमा पठाइनेछ ।

**(११)** <u>स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:</u> (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रूपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गर्नेछ ।

**(१२)** <u>निःशुल्क रूपमा उपलब्ध गराउनु पर्ने:</u> गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रूपमा उपलब्ध गराउनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग, महाशाखा, शाखा र

(ङ) गाउँपालिका अन्तर्गतका प्रत्येक वडा कार्यालय ।

(१३) **वेभसाइटबाट सार्वजनिक गर्नु पर्नेः** गाउँपालिकाबाट प्रकाशित राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**(१४) विक्री वितरणको व्यवस्था तथा विक्री मूल्यः** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरू र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको विक्री मूल्य निर्धारण गरिएको छः

(क) वार्षिक सदस्य बनाई विक्री गर्दा वडा कार्यालय वा लेकम गाउँपालिकाबाट बुझिलिने गरी वार्षिक सदस्यता शुल्क लिई विक्री गरेमा वार्षिक रु. ५९०/-मात्र

(ख) खुद्रा विक्री गर्दा: स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर विक्री मूल्य तोकिएको छः

- १ देखि ८ पृष्ठसम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पृष्ठसम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पृष्ठसम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पृष्ठसम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ पृष्ठसम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पृष्ठसम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पृष्ठ हुन्छ, त्यसमा थप प्रति पृष्ठ २८ पैंसाका दरले थप शुल्क लिइनेछ।

*द्रष्टब्यः माथि उल्लिखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित विक्री दरलाई आधार लिइएको छ। लेकम गाउँसभाले उल्लिखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।*

(१५) **विक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्नेः** लेकम गाउँपालिकाको राजपत्र विक्रीबापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**(१६) कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**(१७) खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ खारेज गरिएकोछ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यस बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १
(दफा ३ सँग सम्बन्धित)

### लेकम गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरू

**भाग - १**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरू प्रकाशन गरिनेछ ।

**भाग - २**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नीति, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

लेकम गाउँपालिका

अनुसूची - २

(दफा ४ तथा अनसूची – १ को भाग – १ सँग सम्बन्धित)

लेकम गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः....संख्याः....मितिः.../.../....

**भाग -१**

लेकम गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले

नाम

प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका

## अनुसूची - ३

(दफा ४ तथा अनसूची – १ को भाग – २ सँग सम्बन्धित)

लेकम गाउँपालिका

**स्थानीय राजपत्र**

खण्डः ....संख्याः ....  मितिः ..../../..

**भाग - २**

लेकम गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
अर्जुन सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका